# काठमाडौँ महानगरपालिका

[illegible]

## नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौँ

बागमती प्रदेश, नेपाल

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः२०८१/०८/०५ गते**

प्रस्तुत विषय सम्बन्धमा वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालनका लागि यस कार्यक्रम अन्तर्गत काठमाडौँ महानगरपालिका काठमाडौँमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसँग सम्बन्धित मुद्दामा सहयोग तथा सहजिकरण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको करार पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आवेदन फाराम भरि पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नम्बरः ०१।०८१।०८२ सेवा- करार | | | |
|---|---|---|---|
| क्र.सं. | पद | पद सङ्ख्या | योग्यता |
| १. | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ तह) | १ जना | • मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तीर्ण<br>• परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तिमा तीन वर्षको कार्य अनुभव भएको।<br>• दरखास्त दिने मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>• कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान/तालिम लिएको (word, Excel, Power point, Email/internet आदि)<br>• नेपाली र अङ्ग्रेजी दुबै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने।<br>• स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिइनेछ।<br>• सम्बन्धित स्थानीय तहको व्यक्तिलाई प्राथमिकता दिइनेछ। |



CamScanner

विज्ञापन नम्बरः०२।०८१।०८२ सेवा- करार

| क्र.सं. | पद | पद सङ्ख्या | योग्यता |
|---|---|---|---|
| २. | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिष्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवीलाई प्राथमिकता दिईनेछ ।<br>• दरखास्त दिने मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>• कम्प्युटर सम्बन्धी आधारभुत तालिम लिएको (word, Excel, Power point, Email/internet आदि) ।<br>• नेपाली र अङ्ग्रेजी दुबै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।<br>• वैदेशिक रोजगारीको क्षेत्रमा कामको अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।<br>• सम्बन्धित स्थानीय तहको व्यक्तिलाई प्राथमिकता दिइनेछ । |



CamScanner

# काठमाडौँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौँ
बागमती प्रदेश, नेपाल

| विज्ञापन नम्बरः०३।०८१।०८२ | | | सेवा- करार |
|---|---|---|---|
| क्र.सं. | पद | पद सङ्ख्या | योग्यता |
| ३. | रिटर्नी स्वयंसेवक | २ जना | • न्यूनतम कक्षा ८ पास<br>• वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>• सम्बन्धित स्थानीय तहको व्यक्तिलाई प्राथमिकता दिइनेछ। |

**कार्य अवधिः** हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन / मूल्याङ्कनका आधारमा नवीकरण हुन सक्नेछ।

**परीक्षाको किसिमः** आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता, मनोसामाजिक परामर्शकर्ता र रिटर्नी स्वयंसेवकको हकमा अन्तर्वार्ता मात्र हुनेछ।

**तलब तथा अन्य सुविधाः** कार्यक्रमको नियमानुसार।

**आवश्यक कागजपत्रहरूः** आवेदक स्वयम्ले प्रमाणित गरेको नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति साथै आफूले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित नगरपालिकाको रोजगार सेवा केन्द्रमा पेश गर्नुपर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरूलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**आवेदन दस्तुरः** आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता, मनोसामाजिक परामर्शकर्ताको लागि रु ५०० र रिटर्नी स्वयंसेवकको हकमा रु ३०० मात्र।

**दस्तुर रकम बुझाउने:**काठमाडौँ महानगरपालिकाको कमलादी स्थित NIC Bank मा रहेको काठमाडौँ महानगरपालिका ग १.१ सामाजिक विकास विभाग नाम रहेको राजश्व खाता नं ००१२०५००६१४७५०४० मा आवेदन दस्तुर रकम जम्मा गरी सक्कल राजश्व भौचरका साथ आवेदन काठमाडौँ महानगरपालिकाको रोजगार सेवा केन्द्रमा बुझाउनु पर्नेछ ।

**छनौट प्रक्रियाः** प्रारम्भिक छनौटमा (सर्टलिस्ट) परेका उम्मेदवारहरूलाई मात्र अन्तर्वार्तामा समावेश गरिने छ ।

**दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशित भएको मिति देखी पन्ध्र (१५) दिन सम्म, कार्यालय समय भित्र बुझाउन सक्नेछ. आवेदन बुझाउने मितिको दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट निवेदन बुझाउन सक्नेछ ।

आवेदन फाराम यस कार्यालयको वेबसाइट https://kathmandu.gov.np/ मा प्राप्त गर्न सकिनेछ । साथै आवेदन फाराम यस कार्यालयको रोजगार सेवा केन्द्रबाट पनि प्राप्त गर्न सकिनेछ ।

**थप जानकारीका लागिः** ०१-४१६८७३९ , ९८४१८०९५२६ रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोला ।

पदपूर्ति समिति



CamScanner